# आकाशवाणी

(19.10.2026)

## मुख्य समाचारहरू

- भारत–न्युजिल्यान्ड स्वतन्त्र व्यापार सम्झौता भोलिदेखि लागू हुने
- विकसित भारतको परिकल्पना साकार पार्न कला, संस्कृति र सम्पदाको महत्त्वपूर्ण भूमिका रहने केन्द्रीय संस्कृति तथा पर्यटनमन्त्री गजेन्द्र सिंहको भनाई....
- रक्षामन्त्री राजनाथ सिंह साङ्घाई सहयोग सङ्गठन—को २५औँ सरकार प्रमुखहरूको परिषद् बैठकमा सहभागी हुन ताजिकिस्तान प्रस्थान
- भारतका विदेशमन्त्री डाक्टर एस. जयशङ्कर र संयुक्त अरब इमिरेट्स—युएईका उपप्रधानमन्त्री शेख अब्दुल्लाह बिन जायद अल नाह्यानबीच द्विपक्षीय वार्ता सम्पन्न... ani..
- .पोल्यान्डका प्रधानमन्त्री डोनाल्ड टस्क २१ अक्टोबरदेखि भारत भ्रमणमा रहनुहुने ...

## भारत र न्युजिल्यान्ड...

भारत र न्युजिल्यान्डबीचको स्वतन्त्र व्यापार सम्झौता विजयादशमीका अवसरमा भोलिदेखि लागू हुने भएको छ । यससँगै भारतका सबै निर्यात वस्तुले न्युजिल्यान्डको बजारमा भन्सार शुल्कबिना प्रवेश पाउनेछन् ।

भारतका वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलले सम्झौताले किसान, साना तथा मझौला उद्योग र निर्यातकर्ताका लागि नयाँ अवसर सिर्जना गर्ने बताउनुभएको छ । यसबाट फलफूल, तरकारी र मसलाको निर्यात बढ्ने अपेक्षा गरिएको छ तर, दुग्ध क्षेत्रजस्ता संवेदनशील क्षेत्रको संरक्षण भने कायम रहनेछ ।

दुवै देशले सन् २०३० सम्म द्विपक्षीय व्यापार दोब्बर गरी करिब ३५ हजार करोड भारतीय रुपैयाँ पुऱ्याउने लक्ष्य राखेका छन् । साथै, न्युजिल्यान्डले भारतमा २० अर्ब अमेरिकी डलर लगानी गर्न सहजीकरण गर्ने प्रतिबद्धता जनाएको छ । यसबाट रोजगारी र आर्थिक गतिविधि बढ्ने अपेक्षा गरिएको छ ।

## केन्द्रीय संस्कृति तथा पर्यटनमन्त्री गजेन्द्र सिंह

केन्द्रीय संस्कृति तथा पर्यटनमन्त्री गजेन्द्र सिंह शेखावतले विकसित भारतको परिकल्पना साकार पार्न कला, संस्कृति र सम्पदाको महत्त्वपूर्ण भूमिका रहने बताउनुभएको छ ।

नयाँ दिल्लीमा आज आयोजित उस्ताद बिस्मिल्लाह खान युवा पुरस्कार समारोहलाई सम्बोधन गर्दै उहाँले भारतको वास्तविक पहिचान सांस्कृतिक परम्परा र सम्पदामा निहित रहेको बताउनुभयो । उहाँले देशको सांस्कृतिक परम्परा जोगाउन पुस्तौँदेखि कलाकारहरूले पुऱ्याउँदै आएको योगदानको प्रशंसा गर्दै वर्तमान परिवर्तनको यात्रामा कलाकारहरूको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।

समारोहमा सङ्गीत नाटक अकादमीद्वारा सन् २०२४ र २०२५ का लागि विभिन्न प्रदर्शन कलाका क्षेत्रमा योगदान पुऱ्याउने देशभरका १०६ जना युवा कलाकारलाई उस्ताद बिस्मिल्लाह खान युवा पुरस्कार प्रदान  गरियो ।

## राजनाथ सिंह ताजिकिस्तान प्रस्थान

भारतका रक्षामन्त्री राजनाथ सिंह साङ्घाई सहयोग सङ्गठन—एससीओको २५औँ सरकार प्रमुखहरूको परिषद् बैठकमा सहभागी हुन आज ताजिकिस्तानको राजधानी दुशान्बे प्रस्थान गर्नुभएको छ ।

दुई दिनसम्म चल्ने बैठकमा सदस्य राष्ट्रहरूबीच व्यापार, अर्थतन्त्र, लगानी, प्रविधि, संस्कृति र आपसी सम्पर्क विस्तारका विषयमा छलफल हुनेछ । साथै, सङ्गठनको आर्थिक तथा संस्थागत व्यवस्थाको समीक्षा पनि गरिनेछ ।

रक्षामन्त्री सिंहले बैठकमा भारतका तर्फबाट डिजिटल सार्वजनिक सेवा, स्टार्टअप र प्रविधिका क्षेत्रमा भएका अनुभव प्रस्तुत गर्नुहुनेछ । यस बैठकलाई एससीओ सदस्य राष्ट्रहरूसँग आपसी हितका विषयमा छलफल गर्ने महत्त्वपूर्ण अवसरका रूपमा लिइएको छ।

## भारतीय रेलले

भारतीय रेलले रेलगाडी र रेलवे परिसरमा मोबाइलको स्पिकरमा ठूलो आवाजमा गीत, भिडियो वा अन्य अडियो नबजाउन यात्रुहरूलाई आग्रह गरेको छ । नियम उल्लङ्घन गरेमा एक हजार रुपैयाँसम्म जरिवाना हुन सक्छ । बारम्बार उल्लङ्घन गरेमा छ महिनासम्म कैद, पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ । यात्रुलाई सचेत गराउन रेलवेले स्टेशनहरूमा सूचना-पाटी राख्न र सार्वजनिक उद्घोषणामार्फत जानकारी दिन निर्देशन दिएको छ ।

## प्रधानमन्त्री नरेन्द्र मोदीको सार्वजनिक सेवामा २५ वर्ष पूरा

प्रधानमन्त्री नरेन्द्र मोदीको सार्वजनिक सेवामा २५ वर्ष पूरा भएको अवसरमा सञ्चालन भइरहेको विशेष शृङ्खलाअन्तर्गत आज न्याय प्रणालीमा सुधार, सरकारी कर्मचारीको क्षमता विकास र नीति निर्माण सहकार्यका विषय समेटिएका छन् । सन् २०२४ जुलाई १ देखि लागू भएका तीन नयाँ फौजदारी कानुनले अनुसन्धानलाई छिटो र प्रभावकारी बनाउने, डिजिटल प्रमाणको प्रयोग बढाउने तथा महिला र बालबालिकाको सुरक्षा सुदृढ गर्ने लक्ष्य राखेका छन् । सामूहिक हत्यालाई छुट्टै अपराधका रूपमा परिभाषित गर्नु पनि यी कानुनका प्रमुख विशेषतामध्ये एक हो ।

सरकारी कर्मचारीको कार्यक्षमता र नागरिकमैत्री सेवा प्रवर्द्धन गर्न सन् २०२० मा सुरु गरिएको मिसन कर्मयोगी अन्तर्गतको आईगट प्लेटफर्ममा एक करोड ७० लाखभन्दा बढी प्रयोगकर्ता दर्ता भएका छन् । यसमा छ हजार पाँच सयभन्दा बढी तालिम पाठ्यक्रम उपलब्ध छन्, जसमा कृत्रिम बुद्धिमत्ता र नयाँ प्रविधिसम्बन्धी दुई सयभन्दा बढी पाठ्यक्रम समावेश छन् ।

यसैगरी, सन् २०१५ मा योजना आयोगको स्थानमा स्थापना भएको नीति आयोग ले केन्द्र र राज्यबीच सहकार्य बढाउँदै नीति निर्माणमा रणनीतिक तथा प्राविधिक सुझाव प्रदान गर्दै आएको छ । प्रधानमन्त्रीको अध्यक्षतामा हुने शासकीय परिषद्मार्फत केन्द्र र राज्यले साझा विकासका विषयमा छलफल गर्छन्। नीति आयोगले राज्य तथा केन्द्रशासित प्रदेशलाई सहयोग गर्नुका साथै विकासका सूचकका आधारमा आकाङ्क्षी जिल्लाहरूको प्रगतिको मूल्याङ्कन पनि गर्छ ।

## जयशङ्कर र संयुक्त अरब इमिरेट्स—युएईका उपप्रधानमन्त्री

भारतका विदेशमन्त्री डाक्टर एस. जयशङ्कर र संयुक्त अरब इमिरेट्स युएईका उपप्रधानमन्त्री एवम् विदेशमन्त्री शेख अब्दुल्लाह बिन जायद अल नाह्यानबीच आज मुम्बईमा द्विपक्षीय वार्ता सम्पन्न भएको छ ।

वार्तामा ऊर्जा सुरक्षा, व्यापार तथा लगानी, वित्तीय प्रविधि र रणनीतिक सम्पर्क विस्तार लगायत विषयमा छलफल भएको छ । दुवै पक्षले रक्षा तथा सुरक्षा सहकार्यलाई थप सुदृढ बनाउने विषयमा पनि विचार आदानप्रदान गरेका छन् ।

यस अवसरमा डाक्टर जयशङ्करले विगत एक दशकमा भारत र युएईबीचको रणनीतिक साझेदारी थप मजबुत बनेको उल्लेख गर्नुभयो ।

## अमेरिकी विदेशमन्त्री मार्को रुबियोले

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भारतसँगको व्यापार सम्झौतालाई अन्तिम रूप दिने प्रक्रिया लगभग पूरा भएको बताउनुभएको छ।

उज्बेकिस्तानको समरकन्दमा आज पत्रकारहरूसँग कुरा गर्दै उहाँले रुसबाट तेल र ग्यास खरिद गर्ने देशहरूलाई प्रतिबन्धबाट अस्थायी छुट दिने अमेरिकी निर्णयको बचाउ गर्नुभयो । विश्वमा ऊर्जा आपूर्ति सहज बनाउने र मूल्यवृद्धिको दबाब कम गर्ने उद्देश्यले यस्तो निर्णय गरिएको उहाँले बताउनुभयो । रुबियोले विदेश नीतिसम्बन्धी निर्णय गर्दा प्रत्येक देशले आफ्नो भौगोलिक अवस्था र ऊर्जाका वैकल्पिक स्रोतको उपलब्धतालाई ध्यानमा राख्नुपर्ने पनि उल्लेख गर्नुभयो। उहाँ भोलि मुम्बई आइपुग्नुहुनेछ जहाँ उहाँले भारतीय विदेशमन्त्री डाक्टर एस. जयशङ्करसँग भेटवार्ता गर्नुहुने कार्यक्रम रहेको छ ।

<u>पोल्यान्डका प्रधानमन्त्री</u>

पोल्यान्डका प्रधानमन्त्री डोनाल्ड टस्क आगामी २१ अक्टोबरदेखि तीनदिने भारत भ्रमणमा आउनुहुने भएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा हुन लागेको भ्रमणमा पोल्यान्डका अर्थमन्त्री आन्द्रेज डोमान्स्की र व्यापारिक क्षेत्रका प्रतिनिधिहरू पनि सहभागी हुनेछन्।

भ्रमणका क्रममा प्रधानमन्त्री टस्कले बिहीबार प्रधानमन्त्री मोदीसँग द्विपक्षीय वार्ता गर्नुहुनेछ । वार्तामा दुई देशबीचको सम्बन्ध र आपसी हितका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विषयमा छलफल हुनेछ।

उहाँले बेङ्गलुरुको भ्रमण गरी सूचना प्रविधि, अन्तरिक्षलगायत क्षेत्रका प्रतिनिधिहरूसँग भेटघाट पनि गर्नुहुनेछ। भारत–पोल्यान्ड व्यापार मञ्चको बैठक २२ अक्टोबरमा नयाँ दिल्ली र २३ अक्टोबरमा बेङ्गलुरुमा हुनेछ। प्रधानमन्त्रीका रूपमा टस्कको यो दोस्रो भारत भ्रमण हो।

<u>भारतीय दूतावासद: साउदी अरब</u>

साउदी अरबको राजधानी रियादस्थित विमानस्थलमा अक्टोबर १० मा भएको आक्रमणपछि रियादस्थित भारतीय दूतावासले साउदी अरबमा रहेका भारतीय नागरिकलाई सावधानी अपनाउन र हवाई आक्रमणको अवस्था आएमा तत्काल नजिकैको सुरक्षित स्थानमा जान आग्रह गरेको छ।

दूतावासले घटनासम्बन्धी फोटो, भिडियो वा जानकारी खिच्न तथा सामाजिक सञ्जालमा साझा नगर्न पनि अनुरोध गरेको छ । आक्रमणमा घाइते भएका भारतीय नागरिकको उपचार र

उनीहरूका परिवारलाई आवश्यक सहयोग उपलब्ध गराउन दूतावासले समन्वय गरिरहेको जनाएको छ ।

यसैबीच, रियादको अन्तर्राष्ट्रिय विमानस्थल बन्द छ भने दमाम, जेद्दा र मदिनाका विमानस्थल सञ्चालनमा छन् । तत्काल भारत फर्कनुपर्ने नागरिकलाई आवश्यक भिसा लिएर बहराइन, कुवेत वा कतार हुँदै यात्रा गर्न दूतावासले सुझाव दिएको छ ।

<u>फेसबुक र इन्स्टाग्रामको</u>

**भारत सरकारले** फेसबुक र इन्स्टाग्रामको सञ्चालक कम्पनी मेटालाई सामाजिक सञ्जालमा सीमित विषय वा विचारको अत्यधिक प्रचार हुन नदिन आग्रह गरेको छ ।

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले जारी गरेको परामर्शमा सार्वजनिक अशान्ति फैलाउन, हिंसा भड्काउन वा गैरकानुनी गतिविधिलाई प्रोत्साहन गर्न सक्ने सामग्रीमाथि निगरानी बढाउन पनि सुझाव दिइएको छ । साथै, सार्वजनिक घटनासँग सम्बन्धित फोटो, भिडियो तथा अन्य सामग्रीको वास्तविकता, मिति, स्थान र सन्दर्भ स्पष्ट हुने व्यवस्था गर्न मेटालाई आग्रह गरिएको छ ।

<u>खेल समाचार</u>

जापानको नागोयामा जारी एसियाली पारा खेलकुदमा भारतले चार स्वर्ण, पाँच रजत र दुई कांस्य गरी कुल ११ पदक जितेको छ । पारा एथलेटिक्समा निशाद कुमारले पुरुष लङ जम्पमा ७ दशमलव ११ मिटरको उत्कृष्ट प्रदर्शनसहित स्वर्ण जितेका छन् भने सौम्याले महिला १५ सय मिटर दौडमा र रिङ्कुले पुरुष भालाफ्याँकमा स्वर्ण पदक हासिल गरेका छन् । महिला १० मिटर एयर राइफल स्पर्धामा मोना अग्रवालले नयाँ खेल कीर्तिमानसहित स्वर्ण जितेकी छन् भने अवनी लेखराले रजत पदक हासिल गरेकी छन् ।

यस्तै, अमेरिकाको नेभाडामा आयोजित विश्व मास्टर्स पावरलिफ्टिङ च्याम्पियनसिपमा भारतकी एकता विष्णोईले तीन स्वर्ण पदक जितेकी छन् । उनले ५७ किलोग्राम तौल समूहमा स्क्वाट, डेडलिफ्ट र समग्रतर्फ स्वर्ण जितेकी थिइन् ।

एसियाली पारा खेलकुदकै जुडोमा भारतकी दृष्टिविहीन जुडो खेलाडी कोकिलाले महिला ५२ किलोग्राम तौल समूहको फाइनलमा स्थान बनाएकी छन् । उनले स्वर्णका लागि किर्गिस्तानकी खेलाडीसँग प्रतिस्पर्धा गर्नेछिन् ।

यसैबीच, महिला क्रिकेटमा भारतले दोस्रो टी–२० अन्तर्राष्ट्रिय खेलमा जिम्बाब्वेलाई नौ विकेटले हराउँदै तीन खेलको शृङ्खलामा दुई–शून्यको अपराजेय अग्रता लिएको छ । १०३ रनको लक्ष्य भारतले आठ दशमलव पाँच ओभरमै एक विकेट गुमाएर पूरा गऱ्यो ।

<u>मुख्य समाचार फेरि एकपटक</u>

- भारत–न्युजिल्यान्ड स्वतन्त्र व्यापार सम्झौता भोलिदेखि लागू हुने

- विकसित भारतको परिकल्पना साकार पार्न कला, संस्कृति र सम्पदाको महत्त्वपूर्ण भूमिका रहने केन्द्रीय संस्कृति तथा पर्यटनमन्त्री गजेन्द्र सिंहको भनाई....
- रक्षामन्त्री राजनाथ सिंह साङ्घाई सहयोग सङ्गठन—को २५औँ सरकार प्रमुखहरूको परिषद् बैठकमा सहभागी हुन ताजिकिस्तान प्रस्थान
- भारतका विदेशमन्त्री डाक्टर एस. जयशङ्कर र संयुक्त अरब इमिरेट्स—युएईका उपप्रधानमन्त्री शेख अब्दुल्लाह बिन जायद अल नाह्यानबीच द्विपक्षीय वार्ता सम्पन्न... ani..
- पोल्यान्डका प्रधानमन्त्री डोनाल्ड टस्क २१ अक्टोबरदेखि भारत भ्रमणमा रहनुहुने ...